नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १३९ २०८२ साल पुस १६ गते बुधबार (31 Dec 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सुत्केरी उद्धारमा सेनाको... ३ पृष्ठमा : वर्ष समीक्षा २०२५ : अनिश्चितताले ... ३ पृष्ठमा :खालिदा जियाको ...

## शीतलहरका कारण सप्तरीका विद्यालय बन्द

**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

केही दिन यता अत्यधिक बढेको चिसोसँगै चलेको शीतलहरले जनजीवन प्रभावित बन्न थालेपछि सप्तरीका विद्यालयहरु बन्द हुने क्रम जारी छ ।

शीतलहरबाट बालबालिकाको स्वास्थ्यमा प्रतिकुल असर पर्ने हुँदा त्यसलाई मध्यनजर गर्दै विद्यालयहरु बन्द हुने क्रम बढ्दै गएको हो ।

मंगलबार सम्म जिल्लाका ८ वटा पालिकाले विद्यार्थीको स्वास्थ्य सुरक्षालाई ख्याल गर्दै पुस १८ गते सम्मका लागि सुचना जारी गरेर विद्यालय बन्द गरेको छ ।

राजविराज, कञ्चनरुप, डाक्नेश्वरी, शम्भुनाथ नगरपालिका र महादेवा, अग्नीसाइर कृष्णासवरण, रुपनी तथा राजगढ गाउँपालिकाले विद्यालय पठनपाठन कार्य बन्द रहने जनाएको छ ।



सम्बन्ति पालिकाहरुले सुचना जारी गरी पुस १८ गते सम्मका लागि सबै विद्यालय बन्द रहने उल्लेख छ ।

यसअघि महादेवा गाउँपालिकाका अध्यक्ष सुनिल कुमार मण्डल, अग्नीसाइर कृष्णासवरण गाउँपालिकाका कार्यबाहक अध्यक्ष कल्पना कुमारी चौधरी, डाक्नेश्वरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विजय कुमार मण्डल तथा राजगढ गाउँपालिकाका कार्यवाहक अध्यक्ष रेणुदेवी मण्डलले सुचना जारी गर्दै पालिका अन्तर्गतका सबै नीजि तथा सामुदायिक विद्यालयमा विदा दिइएको जानकारी दिएका छन् ।

अत्याधिक रुपमा बढेको चिसो तथा शितलहरका कारण विद्यालयमा अध्ययनरत बालबालिकाहरुको स्वास्थ्य

*बाँकी अन्तिम पृष्ठमा*

## आगो ताप्ने क्रममा घाईते महिलाको उपचारको क्रममा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

आगो ताप्ने क्रममा १६ दिन अघि घाईते भएकी एक महिलाको उपचारको क्रममा मृत्यु भएको छ ।

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर २ मिथला टोलमा घुर ताप्ने क्रमामा साडीमा आगो लागेर घाइते भएकी २८ बर्षीया अमृता कुमारी मण्डलको उपचारको क्रममा मृत्यु भएको हो ।

मंसिर २८ गते आफ्नै गाईगोठमा आगो बालेर घुर ताप्ने क्रममा साडीमा आगलागी हुँदा उनी गम्भीर घाइते भएकी थिईन् ।

गाईगोठमा आगो बालेर घुर ताप्ने क्रममा साडीमा आगलागी हुँदा उनको शरीरको करिब ४० प्रतिशत भाग जलेको थियो ।

१६ दिनदेखि उपचाररत मण्डलको सोमबार उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

घाइते अमृतालाई तत्काल उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज ल्याइए पनि अवस्था गम्भीर भएपछि थप उपचारका लागि विराटनगर हुँदै काठमाडौं रिफर गरिएको थियो । प्रहरीका अनुसार उपचारका क्रममा उहाँलाई किर्तिपुरस्थित टिचिङ अस्पताल, काठमाडौं लगिएको थियो ।

## शीतलहर प्रभावित क्षेत्रमा दाउरा वितरण



**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

शीतलहरले जनजीवन कष्टकर बन्दै गएपछि राजविराज नगरपालिकाले नगर क्षेत्रभित्र दाउरा वितरण गरेको छ ।

लगातर बढदै गएको चिसो र शीतलहरका कारण बालबालिका देखि बृद्धबृद्धा सम्म प्रभावित हुन थालेपछि नगरपालिकाले नगरक्षेत्रको विभिन्न स्थानमा दाउरा वितरण गरेको हो ।

नगरको चोक र अस्पताल लगायतका विभिन्न स्थानमा दाउरा वितरण गरिएको कार्यवाहक प्रमुख इसरत परविनले जानकारी दिईन् ।

विगत केही दिन यता बढेको जाडोबाट प्रभावित स्थानमा दाउरा अभावमा कसैले कठ्याङ्ग्रिनु नपरोस् भन्ने उद्देश्यले आगो ताप्ने ब्यवस्था मिलाईको उनले बताईन् ।

"अहिले आफ्नो दैनिकी जीवन चलाउन कामसँगै सबैले न्यानो भएर बस्न आवश्यक छ । बजार, अस्पताल, कार्यालय आउने कर्मचारी तथा सर्वसाधारणलाई न्यानोका लागि यो दाउराले थोरै भए पनि जाडो छल्न राहत मिल्नेछ ।" कार्यबाहक नगरप्रमुख परवीनले भनिन् ।

राजविराज नगरपालिकाका अनुसार मुख्य बजारसहित वडा नं. १, २, ३, ४, ५, ६ र ७ वडामा दाउरा वितरण गरिएको छ ।

राजविराज नगरपालिका-७ का स्थानीय राजेश चन्द्र यादवले दाउरा वितरण थालिएपछि सर्वसाधारणलाई चिसोबाट थोरै राहत महसुस भएको बताए ।

यसअघि बरखगण राजविराजबाट सेनानी भरत गिरीको कमान्डमा खटिइएको टोलीले राजविराज नगरपालिकाको वडा नं. २, ५, र ७ गरी विभिन्न ११ स्थानमा जिल्ला वन डिभिजनको सहयोगमा दाउरा वितरण गरेको थियो ।

## नबालिकालाई बलात्कार गरेको आरोपमा पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

बिवाहको प्रलोभन देखाई एक नबालिकालाई बलात्कार गरेको आरोपमा एक नबालकलाई प्रहरीले पक्राउ गरेको छ ।

बिहेको प्रलोभन देखाएर शनिबार ललाई फकाई नाबालिका संग बलात्कारको घट्ना भएपछि आईतबार प्रहरीले नाबालकलाई पक्राउ गरी अनुसन्धान सुरु गरेको हो ।

सप्तरी जिल्ला अदालतबाट सोमबार जवजस्ती करणी मुद्दामा ७ दिनको म्याद थपेर आवश्यक अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुरी पुरीले बताए ।

पीडित बालिकाले घट्नाबारे घरमा अभिभावकलाई जानकारी गराएपछि पीडक विरुद्ध किटानी जाहेरी परेको र नबालकलाई हिरासतमा राखेर जबरजस्ती करणी मुद्दामा अनुसन्धान भईरहेको उनले बताए ।

पीडित बालिकाको स्थानिय गजेन्द्रनारायण सिंह अस्पतालमा स्वास्थ्य परीक्षण र उपचार गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## घुर ताप्ने क्रममा आगो लागेर महिला घाईते

**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

घुर ताप्ने क्रममा साडीबाट आगो लागेर सप्तरीमा एक महिला जली घाइते भएको छ ।

जिल्लाको शम्भुनाथ नगरपालिका वडा नं. १२ कुसहामा २५ वर्षीया पुनम कुमारी साह जली भएको हो ।

सोमबार राति ८ बजे घुर बालेर बच्चालाई सेक्ने क्रममा अचानक आगो सल्किएर साडीमा लागेको थियो ।

सिरहाको मिर्चैया नगरपालिका वडा नम्बर १ घर भएकी साह शम्भुनाथ नगरपालिका वडा नं. १२ कुसहास्थित आफ्नो माइतीघरमा पाँच महिना देखि बस्दै आएकी थिईन् । सोही क्रममा इटा र सिमेन्टले बनेको एकतले घरको प्यासेजमा घुर बालेर बच्चालाई सेक्ने क्रममा अचानक उनले लगाएको साडीबाट आगो सल्किएको थियो ।

आगो सल्किदा पुनमको शरीरका विभिन्न भाग जलेर घाइते भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए । घाइते उनको राजविराज स्थित एक अस्पतालमा उपचार भईरहेको छ ।

**भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।**

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सुत्केरी उद्धारमा सेनाको प्रेरक भूमिका

**सङ्गीता राई**

सुनसरी, १५ पुस (रासस)।

दुर्गम पहाडी तथा विकट भेगमा जहाँ सडक पहुँच छैन, एम्बुलेन्स सञ्चालन गर्न नसकिने र अस्पताल पुग्न दुई/तीन दिन लाग्ने अवस्था छ, त्यहाँ नेपाली सेनाको हेलिकप्टर आकस्मिक उद्धारको महत्वपूर्ण माध्यम बनेको छ। गर्भवती र सुत्केरी महिलाका लागि यस्तो उद्धार धेरै जिल्लामा जीवन जोगाउने प्रमुख विकल्प बनेको छ।

गत असोज २१ गते भोजपुरको रामप्रसादराई गाउँपालिका–१ ओखेबाट ३९ वर्षीया सुत्केरी महिला निर्मला राई र उहाँका नवजात शिशुलाई सेनाको हेलिकप्टरमार्फत उद्धार गरी धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुर्‍याइएको थियो। असोज महिनामा निरन्तर वर्षाका कारण बाटो भत्किएको र स्थलमार्गबाट अस्पताल लैजान नसकिने अवस्था थियो। सेनाको हेलिकप्टर उद्धारले जीवन र मृत्युबीचको संवेदनशील घडीमा राहत पुगेको र नेपाली सेनाको प्रेरक भुमिकाको एक उदाहरण बन्यो।

निर्मलाका श्रीमान् अनुपकुमार राईले भन्नुभयो, "असोजको महिना, त्यही पनि पहाडको ठाउँ, पानी परेर बाटो सबै भत्किएको थियो बच्चा समयभन्दा केही छिटो जन्मिएकाले समयमा उपचार नपाए गाह्रो हुने डर थियो।" सेनाको हेलिकप्टरमार्फत आमा र बच्चालाई धरान पुर्‍याएपछि विस्तारै स्वास्थ्यमा सुधार हुँदै गयो। त्यहाँ १३ दिनको उपचारपछि राई दम्पत्ती गाउँ फर्कियो। उहाँ भन्नुहुन्छ, "सङ्कटको बेला सेनाको हेलिकप्टर, स्थानीय स्वास्थ्यकर्मी र स्थानीय प्रशासन हाम्रो लागि जीवनदायी सावित हुनुभयो। त्यो दिन उहाँहरू हाम्रो परिवारका लागि भगवान सरह हुनुभयो।"

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतका अनुसार दुर्गम तथा पहुँचविहीन क्षेत्रमा आकस्मिक अवस्थामा परेका गर्भवती र सुत्केरी महिला उद्धार सरकारको निर्णयअनुसार नियमित रूपमा हुँदै आएको छ। राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत सुत्केरी महिला उद्धारकार्य सञ्चालन हुँदै आएको छ। यसमा सेनाले सम्बन्धित मन्त्रालय, स्थानीय सरकार स्थानीय प्रशासन र स्वास्थ्य संस्थासँग समन्वय गरी आकस्मिक अवस्थामा परेका गर्भवती तथा सुत्केरी महिलालाई अस्पतालसम्म पुर्‍याउने काम गर्दै आएको छ। यसले मातृ तथा नवजात शिशुको ज्यान जोगाउन निर्णायक भूमिका खेलेको छ।

भोजपुरको उद्धार कुनै एकल घटना होइन, यस्ता उद्धार नेपाली सेनाले देशका विभिन्न दुर्गम जिल्लामा नियमित रूपमा गर्दै आएको छ। सडक र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच सीमित हुँदा सेनाको उद्धार नै अन्तिम विकल्प बन्ने गरेको छ। पछिल्ला वर्षमा सेनाको हेलिकप्टरमार्फत सयौँ गर्भवती र सुत्केरी महिलाको समयमै उद्धार भएको छ। स्वास्थ्य पूर्वाधार कमजोर रहेका दुर्गम भेगमा सेनाको यस्तो भूमिका केवल उद्धारमा मात्र सीमित छैन, यसले राज्यको उपस्थिति, भरोसा र मानवीय उत्तरदायित्व गाउँगाउँसम्म पुर्‍याएको छ।

जनताको पहुँच अस्पतालभन्दा टाढा छ, त्यहाँ सेनाको हेलिकप्टर आज पनि जीवनको देवदूत बनेर उडिरहेको छ। सेनाको तथ्याङ्कअनुसार गत तीन आर्थिक वर्षमा देशका विभिन्न दुर्गम जिल्लाबाट हेलिकप्टरमार्फत ३१६ गर्भवती तथा सुत्केरी महिलाको उद्धार गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा १३९ जना, आव २०८१/८२ मा १३८ जना र चालु आवको मङ्सिरसम्ममा ३९ जना उद्धार भएका छन्। सैनिक प्रवक्ता बस्नेतका अनुसार सडक पहुँच नभएका दुर्गम पहाडी तथा हिमाली जिल्लामा यस्ता उद्धारले जीवन र मृत्युबीचको घडीमा मातृ तथा नवजात शिशुको ज्यान जोगाउन निर्णायक भूमिका खेलेको छ। दुर्गम भेगमा स्वास्थ्य पूर्वाधार कमजोर रहेकाले सेनाको हेलिकप्टरबाट उद्धार कार्यक्रमले राज्यको उपस्थिति, भरोसा र मानवीय उत्तरदायित्व भूमिका खेलेको छ।

आकस्मिक अवस्थामा परेका गर्भवती तथा सुत्केरी महिलालाई समयमै स्वास्थ्य सेवासम्म पुर्‍याउने उद्देश्यले सुर्खेतमा रहेको पश्चिम एयरवेसमा 'स्ट्यान्डबाई' हेलिकप्टर र स्काइ जहाज राखिएको छ, जसले सुदूरपश्चिमका जाजरकोट, हुम्ला, जुम्लालगायत जिल्लामा तत्काल उद्धार सहज बनाएको छ। सेनाको हेलिकप्टर उद्धार कार्यक्रमले मातृ तथा नवजात शिशुको ज्यान जोगाउने मात्र होइन, राज्यको उपस्थिति, भरोसा र मानवीय उत्तरदायित्व गाउँगाउँसम्म पुर्‍याएको प्रवक्ता बस्नेतले बताउनुभयो। कोशी प्रदेशमा अन्य जिल्लाको तुलनामा खाँदबारी, सङ्खुवासभा र सोलुखुम्बु भौगोलिक विकटता तथा स्वास्थ्य सेवाको सीमित पहुँच रहेका जिल्लाबाट गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धारको सङ्ख्या उच्च रहेको छ।

नेपाली सेनाका अनुसार भौगोलिक रूपमा अत्यन्त विकट मानिने ओखलढुङ्गा जिल्लाबाट आव २०८०/८१ मा ३८, आव २०८१/८२ मा २१ तथा चालु आवको हालसम्म दुई गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको छ। सङ्खुवासभा जिल्लाबाट आव २०८०/८१ मा १२ जना, आव २०८१/८२ मा १४ जना तथा चालु आवको हालसम्म दुई जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको सेनाको तथ्याङ्कमा उल्लेख छ। त्यसैगरी सोलुखुम्बु जिल्लाबाट भने आव २०८०/८१ मा सात, आव २०८१/८२मा चार तथा चालु आवको हालसम्म तीन गर्भवती र सुत्केरी महिलाको सेनाको हवाईमार्फत उद्धार गरिएको छ।

राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा सञ्चालन हुँदै आएको सुत्केरी महिला हवाई उद्धार कार्यक्रम सङ्खुवासभामा नेपाली सेनाको भूमिका प्रभावकारी बन्दै गएको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी रोशन श्रेष्ठले बताउनुभयो। "जटिल अवस्थामा रहेका गर्भवती तथा सुत्केरी महिलालाई समयमै उद्धार गरी आवश्यक उपचारका लागि उपयुक्त अस्पतालसम्म पुर्‍याउन सेनाले गर्दै आएको काम प्रशंसनीय छ," उहाँले भन्नुभयो। उहाँका अनुसार गर्भवती, प्रसूति, सुत्केरी तथा नवजात शिशुको समयमै हवाई उद्धार गरिएकाले अकालमै ज्यान गुमाउनुपर्ने अवस्था धेरै हदसम्म न्यूनीकरण भएको छ। समयमै उद्धार भएकै कारण मातृ तथा नवजात शिशुको ज्यान जोगाउन सकिएको उहाँले उल्लेख गर्नुभयो।

स्वास्थ्य कार्यालयका अनुसार उद्धार गरिएका महिलामध्ये लामो समयसम्म प्रसव बेथा लाग्ने, बच्चा जन्माउन कठिनाइ हुने, गर्भमै शिशुको मृत्यु हुने, शरीर अत्यधिक सुन्निने, अत्यधिक रक्तस्राव तथा गम्भीर रक्तअल्पताजस्ता जटिल समस्या देखिएका छन्। यस्तो अवस्थामा स्थानीय स्वास्थ्य चौकी वा प्रमुख जिल्ला अधिकारीमार्फत ज्यान जोखिममा रहेको जानकारी प्राप्त भएपछि सम्बन्धित मन्त्रालयसँगको समन्वयमा नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिँदै आएको छ।

भौगोलिक रूपमा दुर्गम रहेका सङ्खुवासभाका धेरै स्थानमा शल्यक्रियासहितको प्रसूति सेवा उपलब्ध नहुँदा गम्भीर अवस्थामा परेका गर्भवती तथा सुत्केरी महिलाको उपचार स्थानीय तहमा सम्भव नहुने अवस्था रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ। विशेषज्ञ चिकित्सक, आवश्यक पूर्वाधार तथा उपकरणको अभावका कारण ग्रामीण तथा पहाडी बस्तीका महिला अझै पनि उच्च जोखिममा पर्ने गरेको जनाइएको छ। सेनाले उपलब्ध गराएको तथ्याङ्कअनुसार कोशी प्रदेशमा हवाई उद्धारको दृष्टिले ओखलढुङ्गा, सङ्खुवासभा र सोलुखुम्बु जिल्लाबाट सबैभन्दा बढी गर्भवती तथा सुत्केरी महिलाको उद्धार गरिएको छ। दुर्गम भौगोलिक अवस्था, सडक सञ्जालको अभाव तथा प्रसूति सेवाको सीमितताका कारण यी जिल्लाबाट हवाई उद्धारको आवश्यकता बढी देखिएको सेनाले जनाएको छ।

सरकारले राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत नेपाली सेनाको सहकार्यमा जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई समयमै हवाई उद्धार गर्दै आएको छ। लामो प्रसव बेथा, बच्चा जन्मन कठिनाइ, गर्भमा शिशुको मृत्यु तथा सुत्केरीपश्चात् अत्यधिक रक्तस्रावजस्ता अवस्थामा यो सेवा प्रभावकारी सावित हुँदै गएको छ। दुर्गम भेगमा जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि सेनाको हवाई उद्धार कार्यक्रमले मातृ तथा नवजात शिशुको ज्यान जोगाउने मात्र होइन, राज्यको उपस्थितिलाई गाउँगाउँसम्म महसुस गराउँदै स्वास्थ्य सेवाप्रति भरोसा बढाउने काम भएको छ।

सैनिक प्रवक्ता बस्नेतका अनुसार जहाँ आवश्यक पर्छ, त्यहाँ सम्बन्धित निकायसँग समन्वय गरी जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको उद्धार नेपाली सेनाले गर्दै आएको छ। उद्धारको आवश्यकताअनुसार हवाई साधन परिचालन गरिने र हेलिकप्टरको क्षमता, मौसम तथा भौगोलिक उचाइ (अल्टिच्युड)लाई ध्यानमा राखी आवश्यक जनशक्ति खटाइने गरेको उहाँले बताउनुभयो। उद्धार टोलीमा विशेषगरी मेडिकलसम्बन्धी ज्ञान तथा तालिम प्राप्त सैनिकलाई प्राथमिकताका साथ परिचालन गरिने व्यवस्था छ।

गास्दुर्गम भौगोलिक अवस्था, कमजोर पूर्वाधार र सीमित स्वास्थ्य सेवाबीच जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत नेपाली सेनाको हवाई उद्धार कार्यक्रम आशाको भरपर्दो माध्यम बन्दै गएको छ। समयमै गरिने समन्वय, आवश्यक क्षमताको हवाई साधन र दक्ष जनशक्तिको परिचालनले आकस्मिक अवस्थालाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सहयोग पुगेको छ। यसले केबल जीवन रक्षा मात्र होइन, दुर्गम भेगका महिलालाई सुरक्षित मातृत्वप्रति भरोसा दिलाउँदै राज्य संवेदनशील र जिम्मेवार रहेको अनुभूति गराएको छ। जीवनका सबैभन्दा संवेदनशील घडीमा नेपाली सेनाको यस्तो सक्रियता मातृ तथा नवजात शिशु सुरक्षामा प्रेरक उदाहरणका रूपमा स्थापित हुँदै गएको छ।


डा. भगवती यादव

Dr. Bhagwati Yadav

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# दुई लाख ४३ हजार मेट्रिक टन रासायनिक मल वितरण

काठमाडौँ, १५ पुस (रासस)।

चालु आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेटबाट सरकारले हालसम्म दुई लाख ४३ हजार मेट्रिक टन रासायनिक मल कृषकलाई वितरण गरेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार चालु आवमा विनियोजित बजेटबाट सरकारले हालसम्म चार लाख ६६ हजार मेट्रिक टन रासायनिक मल खरिद गर्न बोलपत्र आह्वान गरेकामा दुई लाख ४३ हजार मेट्रिक टन कृषकलाई वितरण गरिसकिएको छ। त्यसैगरी चालु आर्थिक वर्षको पछिल्लो साढे पाँच महिनासम्म ८३ हजार मेट्रिक टन रासायनिक मल मौज्दात रहेको छ।

नेपाल सरकारबाट अनुदानप्राप्त रासायनिक मल वितरण कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन मल वितरण सूचना प्रणालीलाई परिमार्जित गरी देशभरका किसान आफैँले स्थानीय तहहरूमार्फत सहकारी संस्थाबाट वितरण भएको मलको विवरण हेर्न सक्ने गरी मन्त्रालयको वेबसाइटबाट सार्वजनिक गरिएको कृषिमन्त्री डा मदनप्रसाद परियारले जानकारी दिनुभयो। यसबाट मलखाद वितरणमा देखिएका गुनासा सम्बोधन हुने उहाँको भनाइ छ।

मन्त्रालयले आगामी धान रोप्ने याममा लागि थप ६० हजार मेट्रिक टन मलखाद व्यवस्थापन गर्न आवश्यक पर्ने अतिरिक्त रकमका लागि अर्थ मन्त्रालयमा अनुरोध गरेको छ। कृषि मन्त्रालयले थप मलखाद व्यवस्थापनका लागि अर्थ मन्त्रालयमा अनुरोध गरी पठाएकामा स्रोत सहमति प्राप्त भएकाले अर्को आवका लागि खरिद प्रक्रिया अगाडि बढाएको छ। विभिन्न ठाउँबाट मल वितरणका क्रममा भेदभावका कुरा सुन्नमा आएकामा कृषि सामग्री कम्पनी लिमिटेडका प्रादेशिक कार्यालयमा स्थानीय तहको निर्देशानुसार मन्त्रालयले कोटाको मल कुनै पनि जातीय, सांस्कृतिक, साम्प्रदायिक भेदभाव नहुने गरी समान रूपमा बिक्री वितरण गर्न/गराउन निर्देशन दिएको छ।

त्यसैगरी उखु किसानको आन्दोलनको माग, वार्ता समितिको प्रतिवेदन, मन्त्रालयमा विभिन्न चरणमा उखु किसान र चिनी उद्यमीसँग भएको छलफल तथा कृषकसँगको स्थलगत भेटघाटबमोजिम आव २०८२/८३ मा उखुको न्यूनतम खरिद मूल्य अहिलेसम्मकै उच्च प्रतिक्विन्टल रु ६२० र थप अनुदान रकम रु ७० निर्धारण गरी उखु किसानको असन्तुष्टि सम्बोधन गरेको छ। उखु उत्पादक किसान तथा चिनी उद्यमीको समस्या दीर्घकालीन रूपमा समाधान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि मन्त्रालयको प्रतिनिधित्व रहेको एक उच्चस्तरीय समिति गठन भई आवश्यक कार्य प्रारम्भ भएको कृषि मन्त्रालयले जनाएको छ।

# निजामती अस्पतालमा उपचार सेवा विस्तार

काठमाडौँ, १५ पुस (रासस)।

निजामती कर्मचारी अस्पतालले आफ्नो सेवा विस्तार गरेको छ। अस्पतालले न्यूरोसर्जरी र न्युरोलोजिष्ट सेवा सुरु गरेको अस्पतालका कार्यकारी निर्देशक डा मोहनचन्द्र रेग्मीले जानकारी दिनुभयो।

टाउकोमा चोटपटक लागेका गम्भीर प्रकारका बिरामीका उपचार सेवा प्रदान गर्न न्युरोसर्जरी सेवा सुरु गरिएको उहाँले बताउनुभयो। न्युरोसर्जरीमा टाउकोको चोट, टच्युमर, ढाडको समस्या, स्ट्रोक जस्ता रोगको उपचार गरिन्छ। न्यूरोसर्जरी १५ वर्षभन्दा माथिको लागि उपचार गरिन्छ।

न्युरोलोजिष्ट सेवाबाट भने बच्चाको मस्तिष्क, मेरुदण्ड, र स्नायु प्रणालीसम्बन्धी रोगको उपचार गरिन्छ। न्यूरोलोजिष्टमा बच्चाको टाउको दुख्ने, छारेरोग, पक्षघात अल्जाइमर, स्नायु कमजोरीजस्ता विभिन्न स्नायुजन्य उपचारको गरिन्छ।

यस्तै अस्पतालले यसै वर्षदेखि निजामती कर्मचारीका लागि स्वास्थ्य बिमा कार्यक्रम पनि सुरु गर्ने तयारी गरेको छ। स्वास्थ्य बिमा बोर्डसँग सम्झौता प्रक्रिया अगाडि बढाइएको अस्पतालका कार्यकारी निर्देशक डा रेग्मीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "निजामती कर्मचारीको बिमा गरेबापतको रकम तीन महिनाभित्र भुक्तानी हुने अवस्था आयो भने हामी सर्वसाधारणलाई पनि बिमा कार्यक्रममार्फत उपचार गर्ने तयारीमा छौँ।" अस्पतालमा हाल १० प्रतिशत निजामती कर्मचारी र ९० प्रतिशत सर्वसाधारण उपचारका लागि आउने गरेका छन्।

अस्पतालले मुटुरोग उपचारका लागि 'क्याथल्याब' सेवा पनि विस्तार गर्ने तयारी गरिरहेको छ।

# पाँच महिनामा रु तीन अर्ब ८० करोड सङ्कलन

झापा, १५ पुस (रासस)।

मेची भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो पाँच महिनामा सबैभन्दा बढी राजस्व पेट्रोलियम पदार्थको आयातबाट सङ्कलन गरेको छ। उक्त अवधिमा पेट्रोलियम पदार्थको आयातबाट रु तीन अर्ब ८० करोड ५८ लाख ६४ हजार राजस्व सङ्कलन भएको हो।

कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले चालु आवको पाँच महिनामा पाँच किसिमका रु सात अर्ब ८४ करोड ४० लाख मूल्यबराबरका ११ हजार २८ किलो लिटर पेट्रोलियम पदार्थ आयात भएको जानकारी दिनुभयो। उहाँका अनुसार पेट्रोलियम पदार्थले कार्यालयको कुल राजस्व सङ्कलनको ५५.८० प्रतिशत हिस्सा ओगटेको छ।

त्यसैगरी, कार्यालयको तथ्याङ्कअनुसार तयारी कपडाबाट ४.१४ प्रतिशत, यातायातका साधन तथा तिनका पार्टपुर्जाबाट ३.६८ प्रतिशत, तरकारीबाट ३.४० प्रतिशत र सिमेन्ट क्लिङ्करबाट ३.३० प्रतिशत राजस्व सङ्कलन भएको छ।

# वर्ष समीक्षा २०२५ : अनिश्चितताले घेरेको विश्व अर्थतन्त्र

**हेमन्त जोशी**

काठमाडौँ, १५ पुस (रासस)।

सन् २०२५ मा विश्व अर्थतन्त्रले उच्च ब्याजदर तथा मुद्रास्फीति, आपूर्ति शृङ्खलामा आएको परिवर्तन, मानवीय सहायता रकममा चरम कटौती, सार्वजनिक ऋणको बढ्दो आँकडाजस्ता चुनौतीको सामना गर्नुपर्‍यो। संयुक्त राष्ट्रसङ्घ (युएन), अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), विश्व आर्थिक मञ्च (डब्लुइएफ) लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूले उच्च मुद्रास्फीति, बढ्दो ऋण, भू-राजनीतिक तनाव, प्रविधि क्षेत्रमा आएको सुस्तता, जलवायु सङ्कट र श्रम बजारमा देखिएको संरचनात्मक परिवर्तनले सन् २०२५ लाई चुनौतीपूर्ण आर्थिक वर्षका रूपमा चित्रित गरेका छन्।

यस वर्ष सबैभन्दा ठूलो चिन्ता मुद्रास्फीति र ब्याजदरको विषय बनेको छ। धेरै मुलुकका केन्द्रीय बैंकहरूले कडा मौद्रिक नीतिका बाबजुद मुद्रास्फीति नियन्त्रणमा ल्याउन सङ्घर्ष गरिरहेका छन्। यसको प्रत्यक्ष असर उपभोग, पुँजीबजार र घरजग्गा जस्ता क्षेत्रमा देखिएको छ। त्यस्तै, सार्वजनिक र निजी क्षेत्रको ऋण ऐतिहासिक उच्च स्तरमा पुगेको छ। बढ्दो ब्याजदरका कारण ऋणको सेवा खर्च बढ्दा सरकारहरूका बजेटमा ठूलो दबाब परेको छ भने निजी क्षेत्रको लगानी क्षमता खुम्चिएको छ। विशेष गरी विकासशील र उदीयमान अर्थतन्त्रहरू ऋण सङ्कटको जोखिमतर्फ धकेलिँदै गएको विश्व बैंकले उल्लेख गरेको छ।

त्यस्तै, भू-राजनीतिक विभाजन र व्यापार युद्ध अर्को गम्भीर चुनौतीका रूपमा देखिएको छ। अमेरिका-चीन प्रतिस्पर्धा, युक्रेन-रुस युद्ध, मध्यपूर्वको अस्थिरता र संरक्षणवादी नीतिका कारण विश्व व्यापार प्रणाली झन् खण्डित हुँदै गएको छ। बढ्दो भन्सार शुल्क र व्यापार अवरोधले आपूर्ति शृङ्खला अव्यवस्थित बनाएको छ। जसले उत्पादन लागत बढाउनुका साथै विश्व व्यापारको वृद्धिदर घटाएको छ।

प्रविधि क्षेत्र विशेष गरी कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा तत्काल प्रतिफल नआउँदा यस क्षेत्रका लगानीकर्ताहरू सतर्क बनेका छन्। यसले प्रविधि कम्पनीहरूको लगानी कटौती, रोजगारी घट्ने र शेयर बजारमा अस्थिरता बढाएको छ। प्रविधि क्षेत्रको सुस्तताले समग्र आर्थिक वृद्धिमा समेत नकारात्मक प्रभाव पारेको विश्लेषण गरिएको छ।

जलवायु परिवर्तनको आर्थिक लागत झन् गहिरिँदै गएको छ। बाढी, सुख्खा र प्राकृतिक प्रकोपका कारण कृषि, पूर्वाधार र बीमा क्षेत्रमा ठूलो क्षति भइरहेको छ। त्यस्तै, श्रम बजारमा पनि दीर्घकालीन संरचनात्मक समस्या देखिएको छ। विकसित मुलुकहरूको जनसङ्ख्यामा काम गर्ने युवा र वयस्क उमेर समूहको तुलनामा वृद्ध व्यक्तिहरूको वृद्धिदर बढ्न थालेको छ। जसकारण श्रमिक अभाव, पेन्सन र स्वास्थ्य खर्चको बोझ बढ्दो छ। यसले उत्पादनशीलता घटाउनुका साथै सामाजिक सुरक्षा प्रणालीमा दबाब सिर्जना गरेको छ।

अन्तर्राष्ट्रिय आप्रवासन अर्को संवेदनशील आर्थिक-राजनीतिक मुद्दा बनेको छ। श्रम अभाव पूर्ति गर्न आप्रवासी श्रमिक आवश्यक भए पनि सामाजिक असन्तोष, राजनीतिक विरोध र मानवीय सङ्कटले सरकारहरूलाई जटिल निर्णय लिन बाध्य बनाएको छ।

मुद्रास्फीति, युद्ध, ऋण सङ्कट र नीतिगत अनिश्चितताका कारण शेयर, मुद्रा र ऋणपत्र बजारमा तीव्र उतार-चढाव देखिएको छ। यसले लगानीकर्ताको विश्वास कमजोर बनाएको छ। आपूर्ति शृङ्खलाका अवरोध बढ्दै गएका छन्। युद्ध, संरक्षणवाद र क्षेत्रीयकरणका कारण कच्चा पदार्थदेखि उपभोक्ता वस्तुसम्म आपूर्ति अवरोध देखिन थालेका छन्। मूल्य र उत्पादन दुवै प्रभावित बनाएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२५ को विश्व वृद्धिदर महामारीअघिको औसतभन्दा तल रहने अनुमान छ। 'वर्ल्ड इकोनोमिक आउटलुक-अक्टोबर २०२५' अनुसार विश्व आर्थिक वृद्धिदर २०२४ को ३.३ प्रतिशतबाट घटेर २०२५ मा ३.२ प्रतिशत र २०२६ मा ३.१ प्रतिशतमा खुम्चिने अनुमान गरिएको छ।

**अमेरिकाले छेडेको 'ट्यारिफ वार'**

आफ्नो दोस्रो कार्यकालका लागि ह्वाइटहाउस फर्किएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आक्रामक भन्सार (ट्यारिफ) नीतिका कारण यो वर्ष विश्व बजार र आपूर्ति शृङ्खला नराम्रोसँग खल्बलियो। व्यापार घाटा घटाउने नाममा प्रमुख व्यापारिक साझेदारमाथि नयाँ-नयाँ भन्सार कर घोषणा गर्दै ट्रम्प प्रशासनले तय गरेका नीतिका प्रभाव संसारभर देखिए। यो नीतिबाट घरेलु उत्पादन संरक्षणको दाबी गरिए पनि यसले अमेरिकाको आयात महङ्गिदा अमेरिकी उपभोक्तामाथि मूल्यवृद्धिको बोझ मात्रै थपेन व्यापारिक साझेदार देशहरूको प्रतिशोधात्मक कदमले बहुपक्षीय व्यापार प्रणाली झन् कमजोर बन्न पुग्यो। कार्यकाल सम्हालेको तीन महिनामै तीन ठूला व्यापारिक साझेदार क्यानाडा, मेक्सिको र चीनमाथि अतिरिक्त भन्सार कर थपियो। अमेरिकी व्यापारमा 'लिबरेसन डे'को नाम दिँदै ट्रम्पले गत अप्रिलमा विश्वका अधिकांश देशमाथि व्यापक भन्सार कर घोषणा गर्नुभयो। यसबीचमा अमेरिकाको चीनसँगको व्यापार युद्ध अझ तीव्र बन्यो। अमेरिका र चीनबीच एक-अर्कामाथि करको दर क्रमशः १४५ प्रतिशत र १२५ प्रतिशतसम्म पुगेको थियो। त्यस्तै, गत अगस्टमा अमेरिकाले युरोपेली सङ्घ (इयु) सहित ६० भन्दा बढी देशमाथि उच्च भन्सार कर लागु गर्‍यो। क्यानाडामाथि कर ३५ प्रतिशत पुर्‍याइयो भने ब्राजिल र भारतबाट आउने वस्तुमा ५० प्रतिशत कर लागु गरियो। विश्वभर आयात हुने तामामा ५० प्रतिशत कर लगाइयो। साना मूल्यका आयातमा कर छुट दिने 'डे मिनिमिस' नियम खारेज हुँदा अनलाइन व्यापारसमेत प्रभावित भयो। वर्षको अन्त्यतिर ट्रम्प प्रशासनले लागु गरेको भन्सार विवाद अदालतसम्म पुग्यो। समग्रमा, सन् २०२५ मा ट्रम्पको भन्सार नीतिले अमेरिकी अर्थतन्त्र मात्र होइन, विश्व व्यापार व्यवस्थालाई समेत अस्थिर बनाएको छ। संरक्षणवादको नाममा सुरु गरिएको यो आक्रामक रणनीतिले दीर्घकालीन रूपमा अमेरिका स्वयंलाई कति फाइदा पुर्‍याउँछ भन्ने प्रश्न झन् पेचिलो बन्दै गएको छ।

**सुन, चाँदी र प्लेटिनमको मूल्य हालसम्मकै उच्च**

सन् २०२५ मा सुन, चाँदी र प्लेटिनमको मूल्य ऐतिहासिक विन्दुमा पुग्यो। डिसेम्बर २७ मा अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔँस चार हजार ५४५ अमेरिकी डलर नाघ्दा चाँदी प्रतिऔँस ७९ डलर नाघेको छ। यो हालसम्मकै उच्च मूल्य हो। पछिल्लो एक वर्षमा मात्रै चाँदीको मूल्य १४६ प्रतिशतभन्दा बढीले बढेको छ, जुन सन् १९७९ यताकै सबैभन्दा ठूलो वार्षिक वृद्धिदर हो। त्यस्तै, प्लेटिनमको मूल्य प्रतिऔँस दुई हजार पाँच सय नाघेको छ। ब्याजदर कटौती र भन्सार (ट्यारिफ) सम्बन्धी अनिश्चितताले सुन, चाँदी र प्लेटिनमको मूल्य यस वर्ष ऐतिहासिक उच्च विन्दुमा पुगेको हो।

**सङ्कुचित श्रम बजार**

यो वर्ष विश्व श्रम बजारले सङ्कुचनको सामना गर्‍यो। ठूला कम्पनीहरू महामारीपछिका वर्षहरूमा देखिएको आक्रामक भर्ती रणनीतिबाट पछि हटे। उम्मेदवारको मूल्याङ्कन गर्न बढी समय लिने, थप पृष्ठभूमि जाँच गर्ने र अन्तर्वार्ताको चरण लम्ब्याउने प्रवृत्ति बढ्यो। मानव संसाधन परामर्श संस्था रोबर्ट हाफका अनुसार ९३ प्रतिशत कर्मचारी भर्ती प्रबन्धकहरूले दुई वर्षअघिको तुलनामा अहिले भर्ती प्रक्रिया लामो भएको बताएका छन्। भन्सार शुल्कसम्बन्धी नीतिका कारण आर्थिक अनिश्चितता बढ्नु, एआईको तीव्र प्रयोग, उच्च मुद्रास्फीति र ब्याजदरलगायतका कारण कम्पनीहरूले कर्मचारी कटौतीको रणनीति लिए। कम्पनीहरूले डिजिटल दक्षता, अनुकूलन क्षमता र एआईसँग काम गर्न सक्ने क्षमता भएका कर्मचारीलाई प्राथमिकतामा राखेको रोबर्ट हाफले उल्लेख गरेको छ। जसकारण औपचारिक डिग्रीभन्दा सीप र प्रत्यक्ष क्षमतामा आधारित भर्ती सन् २०२५ मा व्यापक बन्यो। आर्थिक सहकार्य तथा विकास सङ्गठन (ओइसिडी) ले भने यस वर्ष श्रमबजार सुधार उन्मुख देखिएको उल्लेख गरेको छ। बेरोजगारी दर सन् २०२२ अप्रिलयता पाँच प्रतिशतभन्दा कम रहेको ओइसिडीले जनाएको छ।

**्सहायता कटौतीको वर्ष**

सन् २०२५ मा उच्च आय भएका मुलुकहरूले वैदेशिक सहायता र विकास सहयोगका शीर्षकमा ठूलो रकम कटौती गरेसँगै विश्वव्यापी मानवीय सहायता प्रणाली सङ्कटमा परेको छ। संयुक्त राष्ट्रसङ्घ (युएन) ले यसलाई अन्तर्राष्ट्रिय मानवीय सहायताको क्षेत्रमा इतिहासमै सबैभन्दा ठूलो र तीव्र बजेट कटौतीका रूपमा व्याख्या गरेको छ। यस कटौतीका कारण मानवीय तथा आप्रवासनसम्बन्धी संस्थाहरू कमजोर बनेका छन् भने उनीहरूमा निर्भर लाखौं मानिसको जीवन थप जोखिममा परेको छ।

सन् २०२५ को मध्यसम्म आइपुग्दा विश्वव्यापी मानवीय सहायता अघिल्लो वर्षको तुलनामा करिब ४० प्रतिशतले घटिसकेको माइग्रेसन पोलिसी इन्स्टिच्युटले उल्लेख गरेको छ। सहायता कटौतीको प्रत्यक्ष मार शरणार्थी र द्वन्द्व तथा प्राकृतिक विपत्तिबाट प्रभावित समुदायले भोगिरहेका छन्। खाद्य सहायता घटाइएको छ, स्वास्थ्य चौकीहरू बन्द भएका छन् र विपद्को जोखिम अझ बढेको छ। उदाहरणका लागि, म्यान्मास्थित विश्वकै सबैभन्दा ठूलो शरणार्थी बस्तीमध्ये एकमा सन् २०२५ को मध्यतिर अधिकांश विद्यालय अस्थायी रूपमा बन्द भए। जनवरीदेखि सेप्टेम्बरसम्म ती बस्तीमा गम्भीर कुपोषण भएका बालबालिकाको सङ्ख्या ११ प्रतिशतले बढ्यो भने बालविवाह र बालश्रमका घटना पनि बढेको प्रतिवेदनहरूमा उल्लेख छ। त्यस्तै, अफ्रिकी मुलुक चाड र दक्षिण सुडानको सीमामा शरणार्थीहरू सुरक्षित स्थानमा सार्नका लागि आवश्यक यातायात खर्चसमेत नभएपछि हजारौँ मानिस सीमामै अलपत्र परे। केन्याको काकुमा शरणार्थी शिविरमा खाद्यान्न कोटा घटाइएपछि हिंसात्मक प्रदर्शन भए र त्यसको परिणामस्वरूप छ हजारभन्दा बढी दक्षिण सुडानी शरणार्थी आफ्नै असुरक्षित देश फर्किन बाध्य भए।

माइग्रेसन पोलिसी इन्स्टिच्युटका अनुसार सन् २०३० सम्ममा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) लगभग निष्क्रिय बनेको अवस्थामा मात्रै एक करोड ४० लाखभन्दा बढी व्यक्ति प्रत्यक्ष प्रभावित हुनेछन्। यस वर्षको मानवीय सहायता कटौती केवल अमेरिका मात्र सीमित नभई क्यानाडा, बेलायत, इयुका देशहरू र दक्षिण कोरियाले पनि सहायता बजेट घटाएका छन्।

मानवीय सहायता रकम घटेसँगै त्यसको प्रभाव विभिन्न गैरसरकारी संस्थाहरूमा देखिन थालेको छ। संयुक्त राष्ट्रसङ्घीय निकाय युएनएचसिआरले आफ्नो बजेट एक चौथाइले घटाउने योजना बनाएको छ र अक्टोबरसम्म आइपुग्दा करिब पाँच हजार कर्मचारी बर्खास्त गरिसकेको छ। विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले सन् २०२६ सम्ममा २५ प्रतिशतभन्दा बढी कर्मचारी कटौती गर्ने तयारी गरिरहेको छ, जसका कारण छ हजारभन्दा बढी रोजगारी गुम्नेछन्। साना-ठूला सबैखाले गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरू पनि यही सङ्कटबाट गुज्रिरहेका छन्।

**अर्बपतिको सङ्ख्यामा अभूतपूर्व वृद्धि**

विश्वका सबैभन्दा धनी व्यक्तिहरूको सम्पत्ति सन् २०२५ मा तीव्र रूपले बढेको छ। अमेरिकी बिजनेस म्यागजिन फोर्ब्सका अनुसार यस वर्ष मात्र विश्वभर ३४० भन्दा बढी नयाँ अर्बपति थपिएका छन। अर्थात् लगभग दिनमा एकजना अर्बपतिको उदय भएको छ। यो वृद्धि मुख्य रूपमा अमेरिका, चीन, भारत, रुस लगायतका ठूला अर्थतन्त्रहरूमा देखिएको छ। विश्वभर १९ जना व्यक्ति अब 'सेन्टिबिलियनेयर' (सय अर्ब अमेरिकी डलरभन्दा बढी सम्पत्ति भएको व्यक्ति) बनेका छन्। यही डिसेम्बर १९ मा इलन मस्क ७०० अर्ब डलर सम्पत्ति पुग्ने पहिलो व्यक्ति बन्नुभएको छ।

**एआई दौडमा 'म्यागिनिफिसेन्ट सेभेन'**

यो वर्ष विश्व प्रविधि बजारका लागि ऐतिहासिक मात्र नभई

***बाँकी अन्तिम पृष्ठमा***

## विश्व समाचार

# खालिदा जियाको निधन

ढाका, १५ पुस (रासस/एएफपी)।

बङ्गलादेशकी पूर्वप्रधानमन्त्री तथा बङ्गलादेश नेसनालिस्ट पार्टी (बिएनपी) की अध्यक्ष बेगम खालिदा जियाको ८० वर्षको उमेरमा मङ्गलबार बिहान निधन भएको छ। पार्टीले जारी गरेको विज्ञप्तिमा उहाँको निधन फजरको प्रार्थनापछि बिहान ६ बजे भएको जनाइएको छ। वर्षौंदेखि कमजोर स्वास्थ्य, लामो कारावास र राजनीतिक उतारचढावबीच पनि सक्रिय राजनीतिमा रहनुभएकी जियाको निधनले बङ्गलादेशी राजनीतिमा गहिरो शून्यता सिर्जना गरेको छ।

खराब स्वास्थ्य अवस्थाका बाबजुद पनि जियाले आगामी फेब्रुअरी २०२६ मा तय गरिएको आम निर्वाचनमा सक्रिय रूपमा सहभागी हुने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। उक्त निर्वाचन गत वर्ष दीर्घकालीन प्रतिद्वन्द्वी शेख हसिनाको सरकार जनविद्रोहपछि पतन भएपछिको पहिलो आम चुनाव हो। बिएनपीलाई यस निर्वाचनमा प्रमुख अग्रपङ्क्तिको दलका रूपमा हेरिएको थियो र धेरैले जियाको नेतृत्वमै पार्टी चुनाव जित्ने विश्वास गरेका थिए।

बिएनपीका अनुसार नोभेम्बरको अन्त्यतिर उहाँको स्वास्थ्य अचानक बिग्रिएपछि ढाकाको एक अस्पतालमा भर्ना गरिएको थियो। चिकित्सकहरूले हरसम्भव प्रयास गरे पनि दीर्घकालीन स्वास्थ्य समस्याका कारण उहाँको अवस्था क्रमशः गम्भीर बन्दै गएको थियो। यद्यपि, निधन हुनुभन्दा केही घण्टाअघि सोमबार पार्टी कार्यकर्ताहरूले तीनवटा निर्वाचन क्षेत्रबाट उहाँकै नाममा उम्मेदवारी दर्ता गराएका थिए, जसले उहाँको राजनीतिक इच्छाशक्ति अन्तिम क्षणसम्म पनि बलियो रहेको देखाएको थियो। उहाँको निधनको खबर फैलिएसँगै, चिसो वर्षाको बीच पनि मङ्गलबार बिहान ढाकास्थित अस्पताल बाहिर हजारौँ शोकाकुल समर्थकहरू भेला भएका थिए। बिएनपीका वरिष्ठ नेता रुहुल कबिर रिजवीले यस घटनालाई 'राष्ट्रका लागि अपूरणीय क्षति' भन्दै गहिरो दुःख व्यक्त गर्नुभयो। पार्टीका युवा समर्थक गोलम किब्रियाले जियाले विलासिताको जीवनभन्दा जेल रोजेर वर्षौं कठिन अवस्था भोग्नुभएको उल्लेख गर्दै उहाँलाई 'कहिल्यै प्रतिस्थापन गर्न नसकिने अतुलनीय नेता' को संज्ञा दिनुभयो।

जियाको अन्तिम दिनहरूमा देशका अन्तरिम नेता तथा नोबेल शान्ति पुरस्कार विजेता प्रोफेसर मुहम्मद युनुसले पनि राष्ट्रलाई उहाँको स्वास्थ्यलाभ र पछि आत्मशान्तिका लागि प्रार्थना गर्न आह्वान गर्नुभएको थियो। उहाँले जियालाई 'अत्यन्त प्रेरणादायी व्यक्तित्व' भन्दै राष्ट्रले 'एक महान अभिभावक गुमाएको' टिप्पणी गर्नुभयो। युनुसका अनुसार उहाँको दृढ नेतृत्वले पटक-पटक देशलाई अलोकतान्त्रिक अवस्थाबाट बाहिर ल्याउन सहयोग गरेको थियो र जनतालाई स्वतन्त्रताको मूल्य बुझ्न प्रेरित गरेको थियो। तीन पटक प्रधानमन्त्री रहनुभएकी जियालाई सन् २०१८ मा तत्कालीन शेख हसिना सरकारका पालामा भ्रष्टाचारको आरोपमा जेल सजाय सुनाइएको थियो। सोही कारणले उपचारका लागि विदेश जानसमेत उहाँलाई रोक लगाइएको थियो। हसिना सत्ताच्युत भएपछि गत वर्ष उहाँ रिहा हुनुभयो। यस महिनाको सुरुतिर विशेष एयर एम्बुलेन्समार्फत लन्डन लैजाने तयारी भए पनि स्वास्थ्य स्थिर नहुँदा योजना कार्यान्वयन हुन सकेन।

उहाँका जेठा छोरा तारिक रहमान अब फेब्रुअरी १२ मा हुने आम चुनावमा बिएनपीको नेतृत्व गर्ने अपेक्षा गरिएको छ। उहाँ १७ वर्षको निर्वासनपछि केही दिनअघि मात्र स्वदेश फर्किनुभएको थियो। पार्टीले बहुमत हासिल गरेमा उहाँलाई भावी प्रधानमन्त्रीका रूपमा अगाडि सारिने व्यापक अनुमान गरिएको छ। बङ्गलादेशका प्रमुख सञ्चारमाध्यमहरूले जियाको निधनको समयमा उहाँका छोरा रहमान र परिवारका अन्य सदस्यहरू उहाँकै साथमा रहेको जनाएका छन्। एक अग्रणी राष्ट्रिय दैनिकले उहाँलाई 'दृढ नेता' का रूपमा स्मरण गर्दै लेखेको छ, "राजनीतिज्ञहरूको जीवन उत्थान र पतनले भरिएको हुन्छ, जहाँ कानूनी मुद्दा, गिरफ्तारी, कारावास, उत्पीडन र आक्रमण असामान्य हुँदैनन्। बेगम खालिदा जियाले यस्ता सबै कठोर परीक्षाहरू चरम सीमासम्म सहनुभयो। उहाँको जीवन सङ्घर्ष, अडान र राजनीतिक प्रतिबद्धताको प्रतीकका रूपमा बङ्गलादेशी इतिहासमा सधैँ स्मरणीय रहनेछ।"

# गाजामा बायरन आँधीका कारण दुई लाख भन्दा बढी मानिस प्रभावित : युएनआरडब्लुए

न्युयोर्क, १५ पुस (रासस/क्युएनए)।

प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) ले गाजा पट्टीमा करिब दुई लाख ३५ हजार मानिस हालै आएको बायरन आँधीबाट प्रभावित भएको जनाएको छ। गत १०-१७ डिसेम्बरको बीचमा आएको आँधीले आवासिय भवनहरु ध्वस्त बनाउनुका साथै शरणार्थी शिविरहरुमा क्षति पुगेको एजेन्सिले जनाएको छ। सामाजिक सञ्जाल एक्स मार्फत युएनआरडब्लुले लामो युद्ध र विस्थापनले गाजाका मानिसहरूलाई भग्नावशेष, अस्थायी आश्रय वा जीर्ण शिविरहरुमा बस्न बाध्य पारेको पुष्टि गरेको छ। आँधीलाई "प्राकृतिक प्रकोपको रूपमा वर्णन गर्दै यसले व्यापक विनाश र इजरायलीको चलिरहेको नरसंहार पछि सुरक्षित आश्रयको अभावले गर्दा तिव्र क्षति भएको जनाएको छ।

युएनआरडब्लुएका अनुसार आँधीका कारण कम्तिमा १७ भवनहरू ढलेका छन् भने ४२ हजार भन्दा बढी शिविर तथा अस्थायी आश्रयहरू क्षतिग्रस्त भएका छन्, जसले गर्दा कम्तिमा दुई लाख ३५ हजार मानिसहरू प्रभावित भएको जनाइएको छ। यस महिनाको सुरुमा गाजामा मौसमी प्रकोपका कारण चार बालबालिका सहित १८ जनाको मृत्यु हुनुका साथै लामो युद्धबाट थलिएका लगभग ९० प्रतिशत गाजनहरुको आश्रय स्थलहरू बाढी प्रभावित भएको जनाइएको छ।

# धनुषाका बेरोजगार युवायुवतीलाई सीपमूलक तालिम

जनकपुरधाम, १५ पुस (रासस) ।

जानकी महिला जागरण समाज धनुषाले विगत दुई वर्षमा जिल्लाका पाँच स्थानीय तहका ३५० युवायुवतीलाई सीपमूलक तालिम दिएर आत्मनिर्भर बनाएको छ। तालिम लिनेमध्येका १९६ जनाले रोजगारी प्राप्त गरेका छन् ।

प्लान इन्टरनेशनल नेपालको साझेदारीमा सबैला, कमला, सहिद, विदेह नगरपालिका र जनकनन्दनी गाउँपालिकाका युवायुवतीलाई व्यवसायमूलक तथा दक्षता अभिवृद्धिसम्बन्धी तालिम दिएर रोजगारमूलक तथा व्यवसायमुखी बनाएको जनाइएको छ ।

सो संस्थाले १६२ जना युवायुवतीलाई जनही रु ८३ हजार आर्थिक सहयोग गरी व्यसाय गर्न प्रेरित गरेको संस्थाका अध्यक्ष मन्दाकिनी कर्णले जानकारी दिनुभयो । उक्त संस्थाद्वारा सोमबार जनकपुरधाममा दक्ष युवा परियोजना जिल्लास्तरीय परियोजना समापन बैठक आयोजना गरेको थियो ।

बैठकमा प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले सरकारको उद्देश्य तथा लक्ष्य पूरा गर्न गैरसरकारी संस्थाहरूले निर्वाह गरेको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।

प्लान इन्टर नेशनल नेपालले सन् १९७८ बाट नेपालमा काम गर्दै आएकामा हाल साझेदार संस्थामार्फत मधेस प्रदेशको चार जिल्लासहित १३ जिल्लामा कामा गर्दै आएको जनाएको छ ।

# मधेस प्रदेश सरकार गठन भएको एक महिनासम्म पनि मन्त्रिमण्डल अपूर्ण

धनुषा, १५ पुस (रासस) ।

मधेस प्रदेशमा मुख्यमन्त्री कृष्णा यादवको नेतृत्वमा नयाँ सरकार गठन भएको झण्डै एक महिना पुग्न लाग्दा पनि मन्त्रिमण्डलले पूर्णता पाउन सकेको छैन ।

सरकार गठनसँगै चुस्त, प्रभावकारी र जनमुखी शासन सञ्चालन गर्ने प्रतिबद्धता जनाइए पनि हालसम्मको अवस्था त्यसविपरीत देखिएको छ । छ दलको समर्थनमा गत मङ्सिर १९ गते प्रदेश प्रमुखको कार्यालयबाट मुख्यमन्त्रीमा नियुक्त हुनुभएका यादवले पुस ४ गते प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरिसक्नुभएको छ । विश्वासको मत पाएको १० दिनभन्दा बढी भइसक्दा पनि मन्त्रिमण्डल विस्तार हुन नसक्दा सरकारको कार्यक्षमता र स्थायित्व प्रभावित बनेको जानकारहरू बताउँछन् ।

प्रदेश सरकारअन्तर्गत ११ वटा मन्त्रालय रहेकामा हालसम्म पाँच जनामात्र मन्त्री नियुक्त भएका छन् । बाँकी छ मन्त्रालय मन्त्रीविहीन रहँदा प्रशासनिक निर्णय, नीति कार्यान्वयन तथा सेवा प्रवाहमा प्रत्यक्ष असर पर्न थालेको विश्लेषकहरूको भनाइ छ । जसपा नेपाल, जनमत पार्टी, नेपाली कांग्रेस, माओवादी केन्द्र, लोसपा र एकीकृत समाजवादी पार्टीको समर्थनमा बनेको वर्तमान सरकारले तत्काल पूर्णता नपाएमा जनअपेक्षा पूरा गर्नेमा शङ्का उत्पन्न हुने विश्लेषकहरू बताउँछन् ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले शिक्षा तथा संस्कृति मन्त्रालय, जनमत पार्टीले अर्थ मन्त्रालय, नेपाली कांग्रेसले स्वास्थ्य मन्त्रालय, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय पाइसकेका छन् । यसैगरी, जनता समाजवादी पार्टी (जसपा) ले सभामुख पद प्राप्त गरेको छ ।

नेपाली कांग्रेसका प्रमुख सचेतक कुमारकान्त झाले मन्त्रिमण्डललाई पूर्णता दिन अझै केही दिन लाग्ने बताउनुभयो । दलहरूभित्र आन्तरिक छलफल, मन्त्री छनोट तथा आवश्यक प्रक्रियाका कारण समय लागेको उहाँको भनाइ छ । "सरकार विस्तार ढिलो भएको जस्तो देखिए पनि दलहरूभित्र आवश्यक छलफल भइरहेको छ । केही दिनभित्र मन्त्रिमण्डल पूर्णता पाउँछ", झाले भन्नुभयो ।

प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का संसदीय दलका नेता तथा निवर्तमान मुख्यमन्त्री सरोजकुमार यादवले मन्त्रिमण्डल अपूर्ण रहँदा प्रदेश सरकार कमजोर देखिएको टिप्पणी गर्दै तत्काल मन्त्रिमण्डल विस्तार गर्न माग गर्नुभयो । "अब सरकारले ढिलाइ गर्नुहुँदैन । तुरुन्त मन्त्रिमण्डललाई पूर्णता दिएर काममा अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "मन्त्रिमण्डल अपूर्ण रहनु सरकारको कमजोरी हो, यसले जनतालाई सेवा प्रवाहमा समस्या पुऱ्याउन सक्छ ।"

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता युवराज भट्टराईले मन्त्रालय बाँडफाँटको विषय टुङ्गिसकेको बताउँदै मुख्यमन्त्री काठमाडौंबाट फर्किएसँगै सरकार विस्तार हुने उल्लेख गर्नुभयो । उहाँका अनुसार मुख्यमन्त्री यादव हाल आसन्न निर्वाचनका लागि उम्मेदवार छनोट प्रक्रियामा व्यस्त रहेकाले मन्त्रिमण्डल गठनमा ढिलाइ भएको हो ।

राजनीतिक समन्वय, दलभित्रको शक्ति सन्तुलन र निर्वाचन केन्द्रित गतिविधिका कारण सरकार विस्तार प्राथमिकतामा नपरेको देखिए पनि लामो समयसम्म मन्त्रिमण्डल अपूर्ण रहनु प्रदेशको सुशासन, विकास निर्माण तथा दैनिक प्रशासनिक कामकाजका लागि प्रतिकूल हुने भन्दै नागरिक समाज र प्रशासनिक क्षेत्रबाट चिन्ता व्यक्त हुन थालेको छ ।

# आयोगले तोक्यो खर्च सीमा

काठमाडौं, १५ पुस (रासस) ।

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उम्मेदवारले गर्ने खर्चको सीमा तोकिएको छ । निर्वाचन आयोगले सुगम मानिएका जिल्लाका हकमा र दुर्गम मानिएका जिल्लाका हकमा फरकफरक खर्च सीमा निर्धारण गरेको हो ।

आयोगका अनुसार काठमाडौंका पाँच वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम रु २५ लाख खर्च गर्न पाउनेछन् । त्यसमा काठमाडौं क्षेत्र नं १, ३, ६, ७ र ८ रहेका छन् । यसैगरी, १७ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम रु २७ लाख बराबरको खर्च गर्न पाउने सीमा निर्धारण गरिएको छ ।

त्यस्तै, ६५ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम रु २९ लाख बराबर खर्च गर्न पाउनेछन् । आयोगका अनुसार ५२ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम रु ३१ लाख, २६ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम रु ३३ लाख बराबरको खर्च गर्न पाउनेगरी सीमा निर्धारण गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

उहाँका अनुसार उम्मेदवारले खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट खर्च गर्नुपर्नेछ । त्यसरी खर्च गर्दा निजकोतर्फबाट खर्च गर्ने जिम्मेवार अधिकारी तोकी निजको नाम नामेसीसहितको विवरण भने निर्वाचन अधिकृतको कार्यालयमा पेस गर्नुपर्नेछ ।

उम्मेदवारले तोकेको खर्चको हदभित्र रहेर निर्वाचन खर्च गर्न र प्रतिनिधिसभा सदस्य ऐनबमोजिम निर्वाचन खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्नुपर्नेछ ।

## शीतलहरका...

अवस्थालाई मध्यनजर गर्दै वर्षे र हिउँदे विदाबाट कट्टा हुने गरी नियमित पठनपाठन कार्य बन्द पालिकाहरुले जनाएको छ ।

सप्तरीमा विगत दुईसाताहेखि चिसो बढेसँगै लगातार चलेको शितलहरले जनजिवन प्रभावित बन्दै गएको हो ।

विहान बेलुका हुस्सु लाग्ने र दिउँसो घाम नउदाउँदा बालबालिका, वृद्ध, पशु चौपाया समेत प्रभावित भएका छन् ।

# राजनीतिक स्थिरता र दिगो लोकतन्त्रका पक्षमा निर्वाचन : प्रधानमन्त्री

काठमाडौं, १५ पुस (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले मुलुकमा शान्ति र अमनचयन कायम राखी दिगो लोकतन्त्र स्थापना गर्ने एक मात्र माध्यम निर्वाचन भएको बताउनुभएको छ ।

बालुवाटारमा मंगलबार राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाऊ अभियानका अगुवा दुर्गा प्रसाईंसँगको भेटमा प्रधानमन्त्री कार्कीले आम जनताको उल्लेख्य सहभागितामा आगामी फागुन २१ गते हुने निर्वाचन शान्तिपूर्ण र भयरहित वातावरणमा सफल तुल्याउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले अभियन्ता प्रसाईंका कैयौं माग जनताका पक्षमा रहेकाले तिनलाई सम्बोधन गर्न सरकारले गृहकार्य गरिरहेको स्पष्ट गर्दै आफ्ना असन्तुष्टि र माग मुद्दाहरू शान्तिपूर्ण तरिकाले राख्न अनुरोध गर्नुभयो ।

राजनीतिक अस्थिरतासहित अन्योल र अशान्तिको अवस्थाबाट देशलाई निकास दिन प्रतिनिधि सभाको सदस्यका लागि निर्वाचन हुन आवश्यक रहेको प्रसङ्ग उल्लेख गर्दै प्रधानमन्त्रीले निर्वाचनलाई सफल बनाउने राष्ट्रिय अभियानमा साथ दिन अभियन्ता प्रसाईंसँग आग्रह गर्नुभयो ।

मुलुक निर्वाचनमा होमिइसकेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले जनताबाट आफ्ना मुद्दा अनुमोदन गराउनु नै लोकतान्त्रिक निकासको एक मात्र विकल्प रहेको स्पष्ट पार्नुभयो ।

"धेरै अप्ठ्यारो अवस्थाबाट देशलाई अहिलेको अवस्थामा ल्याएका छौं, सम्बद्ध सबै पक्षको साथ सहयोगमा तोकिएको मितिमा निर्वाचन सम्पन्न गराएर देशलाई राजनीतिक निकास दिन अहोरात्र खटिएका छौं," उहाँले भन्नुभयो, "सबै किसिमका संशयलाई चिर्दै मुलुक निर्वाचनको माहोलमा होमिएको छ । यो देश मेरो पनि हो भन्ने सोच राखेर सबै पक्ष जिम्मेवार बनौं र सक्रिय रूपमा सहभागी भई निर्वाचनलाई सफल बनाऔं ।"

"हामी पनि न्यायका पक्षधर हौं, सत्ताभोग र सुखसयल गर्न सरकारमा आएका होइनौं । भ्रष्टाचारको अन्त्य, शोषित–पीडित वर्गलाई न्याय दिलाउने प्रक्रियाको थालनी गरेका छौं । सबै कामको नतिजा रातारात नदेखिए पनि आधारशिला तयार गरेका छौं । तपाईंले उठाउनुभएका कतिपय माग, मुद्दाको सम्बोधनका लागि पनि सरकारले गृहकार्य गरिरहेकै छ । अझै थप छलफल गर्दै जाऔंला, सरकार सदैव यहाँहरूकै साथमा छ," प्रधानमन्त्री कार्कीले भन्नुभयो ।

सो अवसरमा प्रधानमन्त्री कार्कीले शान्ति कायम राख्ने अभियानमा साथ दिन अभियन्ता प्रसाईंसँग आग्रह गर्दै शान्तिको प्रतीक भगवान् गौतम बुद्धको तस्विर दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

## वर्ष...

विवादास्पद वर्ष पनि बन्यो । कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स–एआई) को वर्चस्व स्थापित गर्ने होडमा विश्वका ठूला प्रविधि कम्पनीहरू एप्पल, माइक्रोसफ्ट, अमेजन, अल्फाबेट, मेटा, एनभिडिया र टेस्ला अग्रपङ्क्तिमा देखिए । 'म्याग्निफिसेन्ट सेभेन' नामले चिनिने यी सात कम्पनीले पुँजीबजारमा उत्साह र त्रास उत्तिकै देखाए । वर्षान्तसम्म आइपुग्दा यी कम्पनीको कुल बजार पुँजीकरण करिब करिब २२ ट्रिलियन (२२० खर्ब) अमेरिकी डलर हाराहारी पुगेको थियो । जुन अमेरिकी सेयर बजारको करिब एकतिहाइ हिस्सा हुन जान्छ । वर्षको सुरुआतमै चिनियाँ स्टार्टअप 'डिपसिक' सबैभन्दा धेरै डाउनलोड हुने एप बनेपछि एआई क्षेत्रमा ठूलो तहल्का मच्चियो । किनकि कम लागतमा विकास गरिएको डिपसिकको 'आर–१' मोडेलले एनभिडियाका महँगा चिप र सफ्टवेयरमा आधारित एआई प्रणालीलाई ठाडो चुनौती दिएको थियो । डिपसिकको उदयले म्याग्निफिसेन्ट सेभेनको शेयर मूल्यमा गिरावट मात्र देखिएन गत अप्रिल ३ मा अमेरिकी पुँजीबजार वालस्ट्रिटमा सबैभन्दा ठूलो गिरावटसमेत देखियो । तर, गत जुलाईमा एमआइटीले 'द जेनेरेसन एआई डिभाइडः स्टेट अफ एआई इन बिजनेस–२०२५' सार्वजनिक गर्दै ९० प्रतिशतभन्दा बढी संस्थाले जेनेरेटिभ एआईबाट शून्य प्रतिफल पाएको दाबी गरेपछि प्रविधि सेयर हल्लियो । निकै कमजोर नतिजा देखाएको एआईले चाहिनेभन्दा बढी प्राथमिकता पाएको उक्त प्रतिवेदन सार्वजनिक भएसँगै त्यस्ता कम्पनीको शेयर मूल्य घट्न थाल्यो भने एनभिडिया ५० खर्ब डलर मूल्य पुग्ने विश्वकै पहिलो कम्पनी बन्यो । यही तीव्र उतारचढावका कारण एआई कम्पनीको पुँजीबजारलाई विश्लेषकहरूले 'पानीको फोका'सँग तुलना गरेका छन् ।

### अर्थशास्त्रतर्फको नोबेल पुरस्कार तीन जनालाई

रोयल स्विडिस एकेडेमी अफ साइन्सेजले सन् २०२५ को अर्थशास्त्रतर्फको नोबेल पुरस्कार तीन अर्थशास्त्री जोएल मोकिर, फिलिप एघियोन र पिटर हाउइटलाई नवप्रवर्तनमा आधारित आर्थिक वृद्धिको व्याख्या गरेबापत प्रदान गऱ्यो । जोएल मोकिरले प्रविधिका क्षेत्रमा भएको प्रगतिले कसरी दिगो आर्थिक वृद्धि सम्भव छ भन्ने विषयलाई व्याख्या गर्नुभएको थियो भने फिलिप एघियोन र पिटर हाउइटले 'सृजनात्मक विनाश' (क्रियटिभ डिस्ट्रक्सन)को सिद्धान्त विकास गर्नुभएको थियो । नयाँ प्रविधिले पुराना उत्पादन र प्रणालीलाई विस्थापित गर्दै दीगो आर्थिक वृद्धि, जीवनस्तर र समृद्धिको आधार तयार गर्ने तथा यसका लागि खुला समाज, प्रतिस्पर्धी र नवप्रवर्तनमैत्री वातावरण आवश्यक रहेको अर्थशास्त्रीहरूको निष्कर्ष छ ।


हरहर महादेव जय श्रीराम ॐ नमः शिवाय





यही मिति २०८२ माघ १ गते माघे मकर संक्रान्तिको पावन अवसरमा राजविराज नगरपालिका वडा नं.–७ स्थित प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गणमा भण्डारा''को आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लाबासी, साधुसन्त महन्थ एवं भक्तजनहरु लाई यस सुखद घडीमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरि गराई दिनु हुन सादर आमन्त्रण गरिन्छ ।

स्थानः

प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गण राजविराज नगरपालिका –७

समय : २०८२/१०/०१ गते बिहीबार ११ बजे देखि ७:०० बजे सम्म



प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शंखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np